बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

मानभवन, ललितपुर, नेपाल

पत्र संख्याः ०८२/८३
च.नं.

## सेवा करारमा इन्जिनियर आपुर्ति सम्बन्धि सूचना

सूचना नं. ०५/२०८२/०८३
सूचना प्रकाशन मिति: २०८२/०९/२८

कृषि विकास कार्यालय, ललितपुरको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि पुर्वाधार/ साना सिंचाई/ संरक्षित संरचना निर्माण, कृषि यान्त्रीकरण लगायतका कार्यक्रमहरुमा परामर्श सेवाको लागि देहायको पद र योग्यता भएको प्राविधिक कर्मचारी सेवा करारमा लिन आवश्यक भएकोले इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा दरखास्त दिनहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका र म्याद नाघी प्राप्त आएका दरखास्त छनौटका लागि समावेश हुने छैन। दरखास्त यस कार्यालयको इमेल ठेगाना akclalitpur@gmail.com मार्फत समेत पेश गर्न सकिनेछ।

तपसिल

| क्र.स | पद | माग संख्या | सेवाको किसिम | आवश्यक नयूनतम शैक्षिक योग्यता | परीक्षाको किसिम |
|---|---|---|---|---|---|
| १ | कृषि इन्जिनियर | १ | सेवा परामर्श | नेपाल सरकारको मान्यता प्राप्त शैक्षिक संस्थाबाट कृषि इन्जिनियरिङ विषयमा स्नातक तह उतिर्ण | अन्तर्वार्ता |

**पेश गर्नुपर्ने कागजातहरु**

१. प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको अनुसूची-५ बमोजिमको दरखास्त फारम,
२. राजश्व जम्मा गरेको भौचर,
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
४. वैयक्तिक विवरण (Curriculum Vitae),
५. शैक्षिक योग्यताको सकाकक्षता आवश्यक हुनेको हकमा सो निर्धारण भएको कागजातको प्रतिलिपि,
६. इन्जिनियरिङ काउन्सिल दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
७. सरकारी वा सरकारी मान्यता प्राप्त संघ/संस्था सम्बन्धित विषय/ क्षेत्रको कार्य अनुभव भएमा सो को प्रमाणपत्रको प्रतिलिपि,
८. आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा माथिको योग्यता भएमा सो प्रमाणपत्रको प्रतिलिपि,
९. लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशबाट सम्बन्धित पदको वैकल्पिक तथा अस्थायी योग्यताक्रम सूचिमा रहेको वा लिखित परीक्षा उतिर्ण गरेको भएमा सो को प्रमाणको प्रतिलिपि,

दरखास्त दिने अन्तिम मिति: २०८२/१०/०४ गते कार्यालय समयभित्र।
दरखास्त दस्तुर: रु १०००/- (एक हजार मात्र)
दरखास्त दस्तुर बुझाउने

८२/३/२८

तेज प्रसाद दवाडी
प्रमुख (अधिकृतस्तर दशौं)



Scanned with CamScanner

# बागमती प्रदेश सरकार
## कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## कृषि विकास निर्देशनालय
# कृषि विकास कार्यालय

मानभवन, ललितपुर, नेपाल

पत्र संख्या: ०८२/८३
च.नं.

कार्यालय: कृषि विकास कार्यालय, ललितपुर।
कार्यालय कोड: ३१२०१३४०५३
राजश्र शीर्षक १४२२४ (परिक्षा)
नेपाल बैंकको राजश्व खातामा जम्मा गर्ने।

पुनश्च:

- लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशबाट सम्बन्धित पदको वैकल्पिक तथा अस्थायी योग्यताक्रम सूचिमा रहेको र लिखित परीक्षामा उतिर्ण आवेदकलाई अतिरिक्त प्रथमिकता दिइनेछ।
- इमेलबाट दरखास्त पेश गर्दा आवश्यक सम्पुर्ण कागजातहरु स्पस्टसँग स्क्यान गरेर पेश गर्नुपर्नेछ, कुनै कागजात अपुग भएर छनौट हुन नसकेमा कार्यालय जवाफदेही हुनेछैन।
- उल्लेखित पदको विज्ञापन सम्बन्धि जानकारी, अन्तर्वार्ता मिति लगायतको विस्तृत सुचना कृषि विकास कार्यालय, ललितपुरको वेबसाइट lalitpur.akc.gov.np मा प्रकाशन हुनेछ।

तक प्रसाद दवाडी
प्रमुख (अधिकृतस्तर दशौं)

Scanned with CamScanner